
# लेखापरीक्षण प्रतिवेदन

# जगदुल्ला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जगदुल्ला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/537

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

जगदुल्ला गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
डोल्पा।

## कैफियतसहितको राय

हामीले जगदुल्ला गाउँपालिका, डोल्पाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको लगायतको रु. १ करोड १७ लाख ११ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.५८ करोड ६६ लाख ७५ हजारको लेखापरीक्षण गरिएकोमा रू. ६९ लाख ७८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.३३ लाख ९० हजार फर्स्यौट भई रु. ३५ लाख ८८ हजार बेरुजु कायम भएको मध्ये असुल गर्नुपर्ने रू. ५ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ४५ हजार र पेस्की बाँकी रु. १२ लाख ११ हजार रहेको छ। गत वर्षसम्म रु. ४ करोड ४ लाख २५ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.२ करोड ५० लाख ५३ हजार फर्स्यौट भई यस वर्षको रु.३५ लाख ८८ हजार बेरुजु थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु.१ करोड ८९ लाख ६० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने जगदुल्ला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो जगदुल्ला गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी जगदुल्ला गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु आर्थिक वर्षको**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | २० | ६९,७८,०४५ | ० | ६ | ३३,८९,६३१ | ० | ४२ | १४ | ३५,८८,४१४ | ५,३१,५८४ | १८,४५,५९३ | ० | ० | ० | १८,४५,५९३ | १२,११,२३७ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | ४,०४,२५,००० | ० | २,५०,५३,१७२ | १,५३,७१,८२८ | ० | ३५,८८,४१४ | १,८९,६०,२४२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | विभिन्न | संघीय हस्तान्तरण पुँजीगतः | ७,५९,३६० |
| २ | २०७८/७९ | विभिन्न | वढी भुक्तानीः | ५,९०,००० |
| ३ | २०७९/८० | विभिन्न | कर | ६८,३६३ |
| ४ | २०७९/८० | विभिन्न | आन्तरिक लेखापरीक्षणः | ६४५ |
| ५ | २०७९/८० | विभिन्न | विद्यालय अनुदान | ६१,७५,००० |
| ६ | २०७९/८० | विभिन्न | सोझै खरिद | ७७,७०,८८९ |
| ७ | २०७९/८० | विभिन्न | विद्युत महशुल | १०,४०,०५० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | विभिन्न | विद्यालयमा सफ्टवयेर खरिद | ६,४६,९२५ |
| ९ | २०७९/८० | विभिन्न | कल्याण कोष | ५,७०,००० |
| १० | २०७९/८० | विभिन्न | कर्मचारी करार | ६४,६९,४९० |
| ११ | २०८०/८१ | विभिन्न | उपभोक्ता मार्फत निर्माण कार्य | १,९५३ |
| १२ | २०८०/८१ | विभिन्न | शिक्षा तर्फ | ४०,००० |
| १३ | २०८०/८१ | विभिन्न | पेश्की बाँकी | ३३,४७,६७८ |
| १४ | २०७४/७५ | ५६ | वडा सञ्चालन पेश्की फस्र्योट | २,२४,४५० |
| १५ | २०७४/७५ | ७२ | वितरण भरपाई | २,४०,००० |
| १६ | २०७४/७५ | ७४ | मौरीपालन सम्बन्धि सामग्री वितरण | ३,७८,००० |
| १७ | २०७४/७५ | ७९ | आलु चिप्स मेसीनको दाखिला | १,२०,००० |
| **जम्मा** | | | | **२,८४,४२,८०३** |

# (८०६६१५०३३०० - जगदुल्ला गाउँपालिका, डोल्पा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस जगदुल्ला गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वटा वडा, ३३ वटा सभा सदस्य, ८३ वर्ग किलोमिटर क्षेत्रफल तथा २५७६ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१४ देखि २०८१।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८१।०५।१४ देखी २०८१।५।१६ गते सम्म ३ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा पालिकाको व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत विषयहरुको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरु विशेष जोड दिईएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु.५८ करोड ६६ करोड ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।उक्त रकमको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,४४०/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण -**

२.१ **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ३,८१,९७,७७६.७६ | ३,८१,९७,७७६.७६ | ३,७८,२३,७२८.५८ | ३,७८,२३,७२८.५८ |
| १३००० | अनुदान | २१,३४,४०,८८५.७० | २१,३४,४०,८८५.७ | २७,७२,६२,३१६.५ | २७,७२,६२,३१६.५ |
| १४००० | अन्य राजस्व | १७,२२,४२९.३३ | १७,२२,४२९.३३ | १४,९५,०००.०० | १४,९५,०००.०० |
| १५००० | विविध प्राप्ति | ३,२१,८०१.०० | ३,२१,८०१.०० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | २५,३६,८२,८९२.७९ | २५३६८२८९२.७९ | ३१६५८१०४५.०८ | ३१६५८१०४५.०८ |
| ३ | चालु | १४,३८,४०,७११.९६ | १४३८४०७११.९६ | १५३६८८३३४.६८ | १५३६८८३३४.६८ |
| २१००० | पारिश्रमिक / सुविधा | ८,२२,१२,१२२.९६ | ८,२२,१२,१२२.९६ | ८,३९,४५,३८७.६८ | ८,३९,४५,३८७.६८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ४,८३,४२,९६४.०० | ४,८३,४२,९६४.०० | ६,४३,४४,८८१.०० | ६,४३,४४,८८१.०० |
| २५००० | सहायता (Subsidy) | ६४,१५,८७२.०० | ६४,१५,८७२.०० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ५७,९५,७१५.०० | ५७,९५,७१५.०० | ४५,९८,०७४.०० | ४५,९८,०७४.०० |
| २८००० | अन्य खर्च | १०,७४,०३८.०० | १०,७४,०३८.०० | ७,९९,९९२.०० | ७,९९,९९२.०० |
| ४ | पूंजीगत | १०,०४,८५,३३६.०० | १००४८५३३६.०० | १६२८४५७७८.२२ | १६२८४५७७८.२२ |
| ३१११० | भवन तथा संरचना | २,८७,८८,७२०.०० | २,८७,८८,७२०.०० | ३,३८,३५,२८५.०० | ३,३८,३५,२८५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३९,३२,०१२.०० | ३९,३२,०१२.०० | ९३,१३,३३७.०० | ९३,१३,३३७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४४,३२,६७५.०० | ४४,३२,६७५.०० | ४१,१४,६५०.०० | ४१,१४,६५०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,२९,३१,९२९.०० | ६,२९,३१,९२९.०० | ११५५८२५०६.२२ | ११,५५८२५०६.२२ |
| ३११७० | पूँजीगत सुधार खर्च | ४,००,०००.०० | ४,००,०००.०० | ० | ० |
| ५ | वित्तीय | ५०,००,०००.०० | ५०,००,०००.०० | ० | ० |
| ३२१५२ | अन्य संस्थामा शेयर लगानी | ५०,००,०००.०० | ५०,००,०००.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | २४,९३,२६,०४७.९६ | २४९३२६०४७.९६ | ३१६५३४११२.९० | ३१६५३४११२.९० |
| ग) | बचत /कमी (ग = क-ख ) | ४३,५६,८४४.८३ | ४३,५६,८४४.८३ | ४६,९३२.१८ | ४६,९३२.१८ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (२३,७८,३२९.५८) | (२३,७८,३२९.५८) | ३२,७१,१५४.५० | ३२,७१,१५४.५० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -२,६४०.०० | -२,६४०.०० | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १९,७८,५१५.२५ | १९,७८,५१५.२५ | ३३,१८,०८६.६८ | ३३,१८,०८६.६८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १,१३,५०,७४४.५६ | १,१३,५०,७४४.५६ | ७६,५१,५७१.६६ | ७६,५१,५७१.६६ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,३३,२९,२५९.८१ | १,३३,२९,२५९.८१ | १,०९,६९,६५८.३४ | १,०९,६९,६५८.३४ |

२.२ **आर्थिक विवरणको विश्लेशण** -

• पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार पालिकाको संचित कोषमा अन्तिम मौज्दात बैंक र श्रेष्तामा रु.१,३३,२९,२५९.८१/- रहेको देखिन्छ ।

• गत आर्थिक वर्षमा बैंकमा मौज्दात रु.१,०८,९०,९१०/- रहेकोमा यस वर्षमा सोहि रकम जिम्मेवारी सारेको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को महालेखापरीक्षको प्रतिवेदनमा बैंक मौज्दात रु.१,०९,६९,६५८/- रहेको देखिन्छ । तसर्थ पालिकाको म.ले.प.फा.नं. २७० को मौज्दात र महालेखापरीक्षको प्रतिवेदनमा देखिएको मौज्दातमा रु.७८,७४८/- को भिन्नता देखिएको छ भने फरक परेको रकम विविध कोषको मौज्दातमा देखाएको पालिकाले जनाएको छ ।

• म.ले.प.फा.नं. २७० जम्मा बजेट रु.२९,३७,३५,८५३/- तथा CGAS तर्फ रु.१,१७,११,८१७/- गरी जम्मा पालिकाको बजेट रु.३०,५४,४७,६७०/- रहेको देखिन्छ । म.ले.प.फा.नं. २७० मा CGAS तर्फको बजेट समावेश भएको छैन

२.३ **लगानीको लेखांकन** - नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार शेयर लगानी रकमको हिसाब लेखाङ्कन गरी अनुसूचीमा रकम सहितको कारोबारको व्यहोरा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जगदुल्ला हाईड्रोपावर कम्पनी लि. मा रु.५२,००,०००/- को शेयर लगानी गरेकोमा उक्त लगानी रु.५०,००,०००/- मात्र वित्तीय विवरण प्रतिवेदनमा समावेश छ । त्यसैले लगानी रकम रु.२,००,०००/- अनुसूची तथा वित्तीय विवरणमा देखिने गरी लेखाङ्कन प्रणालीमा समावेश गर्नुपर्दछ ।

२.४ **बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** |
|---|---|---|
| धरौटी | ४२७६७९६ | ४२७६७९६ |
| संचित कोष | ८८३९५६१.६७ | ८८३९५६१.६७ |
| विविध खर्च खाता | १५०४५३.१४ | १५०४५३.१४ |
| **जम्मा** | **१३२६६८०** | **१३२६६८०** |

उपरोक्त विवरण अनुसार पालिकाको श्रेष्ता र बैंक स्टेटमेण्ट अनुसार बाँकी रु.१३,२६,६८०/- रहेको देखियो ।

२.५ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार बहुबर्षिय खरिद वा विशेष परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ३९(१३) अनुसार उचित आधार र पर्याप्त कारण सहित त्यस्तो रकम तोकिएको ढाँचामा प्रमाणित गरी राख्नुपर्ने उल्लेख छ । तर पालिकाले नियमित प्रकृतिका खर्च समेत दायित्व सार्दै गाउँसभाको निर्णयका आधारमा गत वर्षको भुक्तानी बाँकी रकम बजेटमा समावेश गरी यस वर्ष रु.१०३७३५२१ लाख भुक्तानी गरेको छ । त्यसैले अत्यावश्यक बाहेक अन्य खर्चहरुको भुक्तानी दायित्व सार्ने प्रवृत्तिमा सुधार हुनुपर्ने देखिन्छ ।

३ **आन्तरिक नियन्त्रण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• वडागत रुपमा जिन्सी खाता रहेको तथा सम्पूर्ण पालिकाको एकिकृत जिन्सी खाता नराखेको ।

• भ्रमण अभिलेख खाता नरहेको तथा भ्रमण प्रतिवेदन बेगर भ्रमण भत्ता भुक्तानी हुने गरेको ।

• पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।

• तोकिए बमोजिम भवन संहिताको कार्यान्वयन र त्यसको नियमन नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई कार्यसम्पादन स्थिति सुधारमा ध्यान दिनुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम -**

४.१ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८०।०३।१० गते रु.३०,७३,९५,७८१/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.२ **बजेट विनियोजन** - आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट रु. | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ३०७३९५७८१ | १६९१९७२८१ | ५५.०४ | १३८१९८५०० | ४४.९६ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.३० करोड ७३ लाख ९५ हजार ७८१ बजेट विनियोजन गरेकोमा चालु तर्फ ५५.०४ प्रतिशत र पूँजीगत तर्फ ४४.९६ प्रतिशत बजेट विनियोजन भएको छ ।

४.३

**अबण्डा बजेट** - पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.९० लाख बजेट अबण्डा राखी कार्यपालिका र अध्यक्षको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अबण्डा राखी गाउँभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा उपाध्यक्षको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४.४ **बजेट तथा पूँजीगत खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **पूँजीगत खर्च रु.** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ३०७३९५७८१ | १००४८५३३६ | ३२.६९ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१३ करोड ८१ लाख ९८ हजार ५०० विनियोजन गरेकोमा रु.१० करोड ४ लाख ८५ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७२.७१ प्रतिशत हुन आउँछ ।

४.५ **बजेट तथा चालु खर्च** - पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **चालु खर्च रु.** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३०,७३,९५,७८१ | १४३८४०७११.९६ | ४६.७९ |

पालिकाले यस वर्ष चालु तर्फ रु.१६ करोड ९१ लाख ९७ हजार २८१ विनियोजन गरेकोमा रु.१४ करोड ३८ लाख ४० हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८५.०२ प्रतिशत हुन आउँछ ।

४.६ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक पूँजीगत बजेट रु.** | **खर्च रकम रु.** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | १३८१९८५०० | २,२८,५५,१४० | ८८.३८ |
| संचार तथा सूचना प्रविधि | | २,७४,२८७ | ९१.४३ |
| खानेपानी तथा सरसफाई | | २,२१,१८,३१७.७० | ८३.३९ |
| भवन निर्माण | | ८९,०१,१७० | ६६.८४ |
| सम्पदा पूर्वाधार | | ० | ० |

उपरोक्त विवरण अनुसार पालिकाले पूँजीगत बजेट रु.१३ करोड ८१ लाख ९८ हजार लेखेकोमा सडक निर्माण तथा मर्मतमा रु.२ करोड २८ लाख ५५ हजार , संचार तथा सूचना प्रविधिमा ९१.४३ प्रतिशत, खानेपानी तथा सरसफाईमा ८३.३९ प्रतिशत, भवन निर्माणमा ६६.८४ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

४.७ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ४६४२७३८१ | ३२९७००० | ७३३६९०० | १७७१८०० | ३४०२१६७१ | १६७८५८६७।६२ |
| २ | प्रदेश पूँजीगत | १३७२५३७८ | ० | ० | १९६०००० | ११७६५३७८ | ७८८५३७८ |
| ३ | गाउँपालिका पूँजीगत | ४०३३२५८७ | १५८८४४० | १९९००३१६ | ५९१५९२ | १९०५२२३९ | १४९९१८८६ |
| **कूल खर्च** | | **१००४८५३४६** | **४८८५४४०** | **२६४३७२१६** | **४३२३३९२** | **६४८३९२८८** | **३९६६३१३१** |
| **खर्च प्रतिशत** | | **१००** | **४.८६** | **२६.३१** | **४.३१** | **६३.९३** | **३९.४७** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६३.९३ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र ३९.४७ प्रतिशत खर्च भएको देखिन्छ ।त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिकमा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

## ५ योजना तर्जुमा र कार्यान्वयन तर्फ -

५.१ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ४ | २५२५०० |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | ९ | २१००००० |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | १२ | ४८३६००० |
| ४ | रु.५ लाख देखि माथि रु.१० लाख सम्मका योजना | २३ | १६८७८००० |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | २२ | ३७०७१९०६ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १२ | ७१९६००९४ |
| **जम्मा** | | ८२ | **१३३१९८५००** |

पालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५.२ **सडक निर्माण** - पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.स | योजनाको नाम | ईकाई | २०८०/८१ सम्मको स्थिति | २०८०।८१ मा थप |
|---|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | ३५० मिठर | २५ मिटर |
| २. | ग्रावेल | घन मि | ० मिटर | ७०० मिटर |
| ३. | नयाँ ट्रयाक | कि.मि. | ० मिटर | ० मिटर |
| | **जम्मा** | | ३५० मिटर | ७२५ मिटर |

५.३ **ठेक्का बन्दोवस्त** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ५ | २३३७४७२५ | ० | ० | ५ | २३३७४७२५ | ० | ० | ५ | २३३७४७२५ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी ५ वटा खरिद संझौता गरेकोमा रु २ करोड ३३ लाख ७४ हजार ७२५ लागतको ठेक्का वन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा ५ ठेक्का रु. २ करोड ३३ लाख ७४ हजार खर्च भएको देखिन्छ।यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु.२ करोड ३३ लाख ७४ हजार बराबरको ठेक्का सम्पन्न भएको अवस्था छ ।

५.४ **ठेक्का प्रतिस्पर्धा** - पालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | छाँचु चौरीकोट सडक स्तरोन्नति | ६ | २१२६४४२६.७८ | ८५६६३४८.५२ | ५९.७२ | आशापुर्ण एन के जेभी |
| २ | कान्जिरोवा दलित महिला सहकारी भवन निर्माण | ६ | ४०४०५७६.६१ | २४८४५०६.११ | ३८.५१ | सदसंग निर्माण सेवा |
| ३ | थुमलाग्र भ्यूटावर तथा स्तुपा निर्माण | १० | ५४७२९२०.०२ | २०१०१४९ | ६३.२७ | कान्जिरोवा निर्माण सेवा |
| ४ | थाप्लीकाटा देखि मुहुने सडक मर्मत | ४ | १६९४१६८.७० | १६६४५९१.६७ | १.५ | प्रतिक निर्माण सेवा |
| | जम्मा | | ३२४७२०९० | १४७२५५९४ | | |

उपर्युक्त विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी छाँचु चौरीकोट सडक स्तरोन्नति योजनामा रु.२ करोड १२ लाख ६४ हजार ४२६ लागत अनुमान रहेकोमा रु.८५ लाख ६६ हजार ३४८ मा सम्झौता गरेको छ, जुन लागत अनुमानको तुलनामा ५९.७२ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ ।

५.५ **निर्माण कार्य व्यवस्थापन** - पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ३९ | ५ | २३३७४७२५ | ३४ | ४१०१५५०० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३९ योजनामा मध्ये ठेक्का मार्फत ५ वटा योजनामा रु. २ करोड ३३ लाख ७४ हजार ७२५ खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित ३४ योजनामा रु. ४ करोड १० लाख १५ हजार खर्च गरेको छ । अर्थात ३९ योजनामा भएको खर्च मध्ये ३६.३० प्रतिशत ठेक्का प्रक्रिया र ६३.६९ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

५.६ **परामर्श सेवा खरिद** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.४८,९८,१२७/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | जगदुल्ला गाउँपालिकाको आवधिक योजना निर्माण | स्पाइरल ग्रिड सोलुसन्स प्रा.लि. | १२७०००० | १२६७००० | ०.३ | सिलबन्दी दरभाउपत्र |
| २ | गाउँपालिका भित्रको जग्गा वर्गिकरण कार्यक्रम | आर्क एड प्लानर्स एण्ड डेभलपर्स प्रा.लि. | १५००००० | १४९२००० | ०.५ | सिलबन्दी दरभाउपत्र |
| ३ | जगदुल्ला गाउँपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन निर्माण | द्वारीका इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा. लि. | ८००००० | ७९१००० | १.१३ | सिलबन्दी दरभाउपत्र |
| ४ | जगदुल्ला गाउँपालिकाको क्षमता विकास योजना निर्माण | रिसर्च एण्ड ईन्भाइरमेन्टल कन्सल्टीङ्ग प्रा. लि. | ४५०००० | ४४८६१० | ०.३ | सोझै खरिद |
| ५ | स्थानिय तहको पाठ्यक्रम निर्माण | गरिव तथा दलित उत्थान सेवा समिति | ५००००० | ४९९५१७ | ०.०९ | सोझै खरिद |
| ६ | जगदुल्ला गाउँपालिकाको मध्यमकालिन खर्च संरचना निर्माण | बारबराईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि. | ४००००० | ४००००० | ० | सोझै खरिद |
| | जम्मा | | ४९२०००० | ४८९८१२७ | २.२३ | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष सडक लगायतका कार्यमा सिलवन्दी तथा सोझै खरिद विधिबाट ६ वटा सेवा खरिदका लागि जम्मा रु.४९ लाख २० हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.४८ लाख ९८ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा २.२३ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ६ अनुदान फिर्ता -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले असार मसान्तमा रु.१,७३,०२,४६०.३०/- अनुदान फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | १०६३९६६५९ | १०६३९६६५९ |
| | विषेश | १२४८८७२० | १२४८८७२० |
| | समपुरक | ८५३४९३९ | ८५३४९३९ |
| **प्रदेश सरकार** | सशर्त | १४४९०८३३ | १४४९०८३३ |
| | विशेष | ० | ० |
| | समपुरक | ११३५७३४ | ११३५७३४ |
| | **जम्मा** | **१४३०४६८८५** | **१४३०४६८८५** |

७ **कानुन निर्माण** -

७.१ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ११ |
| २. | नियमावली | २ |
| ३. | कार्यविधि तथा निर्देशिका | ३९ |
| | **जम्मा** | **५२** |

पालिकाले आर्थिक वर्ष २०८०।८१ सम्म ११ ऐन, २ नियमावली र ३९ कार्यविधि तथा निर्देशिका गरी जम्मा ५२ वटा कानुन निर्माण गरेको छ ।

७.२ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | ६ | ६ | ५ | १ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **कर्मचारी पदपूर्ति तथा सेवा प्रवाह** -

८.१ **कर्मचारी दरबन्दी पदपूर्ति** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४४ जना रहेकोमा ११ जना स्थायी, २२ जना करारमा कार्यरत रही सातौ तह १, छैठौ तह ४ लगायतका ११ पदहरु रिक्त रहेका छन । पालिकाले गत विगत वर्षहरु देखि नै रिक्त पद पूर्तीका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिने गरेको छ ।

८.२ **स्वास्थ्य तर्फ** - पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | दीर्घ रोगी समेत औषधी वितरण रु. |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी | ३ | १५ | १५ | २०७६ | १०८७००० |
| सामुदायिक स्वास्थ्य ईकाइ | १ | २ | २ | | |
| **जम्मा** | **४** | **१७** | **१७** | | |

उक्त विवरण अनुसार पालिकामा जम्मा ३ स्वास्थ्य केन्द्र/चौकी र १ सामुदायिक स्वास्थ्य ईकाइमा कुल १७ दरबन्दी रहेकोमा हाल १७ पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

८.३ **सेवाप्रवाहको स्थिति** - पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा १७७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | १२९ |
| मृत्यु दर्ता | १२ |
| बसाईसराई दर्ता | ५ |
| विवाह दर्ता | ३१ |
| सम्बन्ध विच्छेद दर्ता | ० |
| **जम्मा** | **१७७** |

## ९ सरकारी संस्था

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु** | **बचत रु.** | **ऋण लगानी रु** | **जगेडा कोष** |
|---|---|---|---|---|---|---|
| बहुउदेश्यीय सहकारी संस्था लि. | १ | ३८ | १९००००० | ९३३००० | २००००० | ४००००० |
| **जम्माः** | १ | ३८ | १९००००० | ९३३००० | २००००० | ४००००० |

पालिका भित्र आर्थिक वर्ष २०८०।८१ सम्म जम्मा १ वटा सहकारी संस्था संचालनमा रहेका छ ।१ वटा सहकारी संस्थामा ३८ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. १९ लाख, वचत रु. ९३ लाख ३ हजार, ऋण लगानी रु.२ लाख र जगेडा कोष रु.४ लाख रहेको छ ।

## १० आर्थिक सहायता

पालिकाले यस बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत यस वर्ष ७ जनालाई रु.२,२०,०००/- आर्थिक सहायता वितरण गरेको छ ।

## ११ कृषि तथा पशुतर्फ -

११.१ **अनुदान व्यवस्थापन** - पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| **क्र स** | **अनुदानको क्षेत्र** | **कार्यक्रम संख्या** | **अनुदान रकम रु.** |
|---|---|---|---|
| १ | कृषि तर्फ | २ | ३६९५५० |
| **जम्माः** | | **२** | **३६९५५०** |

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा २ कृषि कार्यक्रममा रु. ३६९५५० अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११.२ **विगत वर्ष दिएको अनुदानको उपयोग** - पालिकाले विगत वर्षमा दिएका अनुदानका केही व्यहोराहरु देहाय बमोजिम छन् ।

| क्र स | अनुदान दिएको आर्थिक वर्ष | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| १ | २०७९।०८० | १ | सुनपानी बहुउद्धेयिय सरकारी संस्था ली | १८१३९० | उपयोग भएको |
| २ | २०७९।०८० | २ | लाली गुरासँ कृषक समुह | ६३००० | उपयोग भएको |
| ३ | २०७९।०८० | ३ | प्रगतिशिल कृषि तथा पशुपोल्ट्रि फर्म | ५७८३५ | उपयोग भएको |
| | जम्मा | ६ | | ३०२२५ | |

उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११.३ **लम्पी स्किन** - पालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षती पुर्याएको देखिन्छ ।

| पालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित चौपायाको संख्या | मृत्यू भएका चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु. |
|---|---|---|---|
| ६९४० | १०५ | २१ | १३००००० |

उपरोक्त विवरण अनुसार पालिका भित्र पशु चौपाया ६९४० रहेको छ, भने १०५ रोगबाट प्रभावित तथा २१ वटाको मृत्यू भएको देखिन्छ ।पालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रु. १३ लाखको औषधी प्रयोग गरेको देखिन्छ।

## १२ आन्तरिक आय तर्फ -

१२.१ **खर्च र आन्तरिक आयको विश्लेषण** - पालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | पालिकाको जम्मा खर्च रु. | आन्तरिक आय रु. | खर्च र आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | २४९३२६०४७ | १८९२६९७.७९ | ०.७६ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.२४ करोड ९३ लाख २६ हजार ४७ रहेको छ, भने राजश्व संकलन रु.१८ लाख ९२ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ०.७६ प्रतिशत हुन आउँछ ।अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

१२.२ **दाखिला गर्न बाँकी राजस्व** - पालिकाले आफुसँग रहेको डोजर भाडामा दिए वापत प्राप्त हुनुपर्ने राजस्व समयमै दाखिला हुनुपर्दछ । तर देहायको फर्मले पालिकाको डोजर भाडामा लिएकोमा सोको राजस्व दाखिला गरेको देखिएन । त्यसैले निम्नानुसारको राजस्व रकम ब्याज सहित असूल गरी गर्नुपर्ने रु.

| क्र.स | नाम | स्थान | रकम |
|---|---|---|---|
| १ | राकेश नेपाली | कुशे गाउँपालिका ६ जाजरकोट | १६४००० |
| २ | दिप वहादुर वोहरा | जगदुल्ला ५ डोल्पा | ५२००० |
| ३ | हिरा सिंह विक | जगदुल्ला ३ डोल्पा | ३५००० |
| ४ | राजेन्द्र वि क | जगदुल्ला ३ डोल्पा | ४८००० |
| ५ | इन्द्र बोहोरा | जगदुल्ला ५ डोल्पा | ७२००० |
| ६ | धनसिंह बोहोरा | जगदुल्ला ५ डोल्पा | ५२००० |
| ७ | मरिजमान थापा | जगदुल्ला ३ डोल्पा | ३४००० |
| **जम्मा** | | **जम्मा** | **४५७०००** |

| असुल गर्नुपर्ने | ४,५७,००० |
|---|---|

१३ **शिक्षा तर्फ -**

१३.१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१३.२ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** - पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

१३.३ **शिक्षक विद्यार्थी अनुपात** – संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | श्री त्रिपुरा माध्यामिक विद्यालय जगदल्ला २ डोल्पा | २५ | ३७९ | १५ |
| २. | श्री भवगवति माध्यामिक विद्यालय जगदुल्ला ६ डोल्पा | ११ | २८० | २५ |
| ३. | श्री महादेव आ वि जगदुल्ला ३ डोल्पा | ७ | १३६ | १९ |
| ४. | श्री जगदुल्ला आ वि जगदुल्ला १ डोल्पा | ५ | ६७ | १३ |
| ५. | श्री कागमारा आ वि जगदुल्ला ५ डोल्पा | ५ | ८७ | १७ |
| ६. | श्री ज्ञानोदय आ वि जगदुल्ला ५ डोल्पा | ४ | १६७ | ४१ |
| ७. | श्री मुनामदन आ वि जगदुल्ला ४ डोल्पा | ५ | ५४ | १३ |
| ८. | श्री सुन्दरी आ वि जगदुल्ला ४ डोल्पा | १ | २० | २० |
| जम्मा | | ६३ | ११९० | १८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ८ वटा विद्यालय ६३ जना शिक्षक र ११९० जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १: १८ रहेको छ ।

१३.४ **प्रति विद्यार्थी लागत** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम रु. | खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ८,४३,१५,००० | ७,५२,९७,९५० | ११८५ | ६३५४२ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.६३,५४२/- रहेको छ ।

१३.५ **शैक्षिक गुणस्तर** - पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ५७ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ५७ | | ० | | ० |
| २ | ३.२१ - ३.६० | | | ४ | | २३ |
| | **जम्मा** | ५७ | | ५७ | | ७५ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने ५७ विधार्थी मध्ये ० जना, ३.२१ - ३.६० जिपिए ल्याउने ५७ विधार्थी मध्ये २३ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा नदेखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **सामाजिक सुरक्षा तर्फ -**

**सामाजिक सुरक्षा** - आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | २५७६ | ४८० | १८.६३ | ११०४५९९४ |

उपरोक्त विवरण अनुसार पालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या पालिकाको कुल जनसंख्याको १८.६३ प्रतिशत रहेको छ । पालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

१५ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ -**

१५.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका ६ वडाहरुमा ९ वटा योजनामा बाटो खन्ने, बाटो सोलिङ्ग, कुलो खन्ने लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७२ जनालाई रोजगारी उपलव्ध गराई रु.६१,७९,०००/- खर्च गरेको छ ।

१५.२ **सामग्री खरिद -** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को ६ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिमेन्ट, रड लगायतका निर्माण सामग्रीमा खर्च लेखेको देखियो । कार्यविधि विपरित निर्माण सामग्रीको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौनं./मिति | निर्माण कार्य | कामदार | सामग्री | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७-२०८०।१२।२९ | दुबलुख देखि दाते खोलासम्म घोरेटो बाटो निर्माण | ५६९५९४ | ११६४०६ | ६८६००० |
| २५-२०८१।२।६ | मुनामदन आ.वि फिल्ड निर्माण | ६३९१९७ | ४६८०३ | ६८६००० |
| ३८-२०८१।३।१४ | दोसाङ्टा टापुमा प्रतिक्षालय निर्माण | ४६१७७७ | २२४२२३ | ६८६००० |
| ५८-२०८१।३।१९ | भवानी थान निर्माण जगदुल्ला | ६३५३१६ | ४४०८२ | ६७९३९८ |
| **जम्मा** | | **२३०५८८४** | **४३१५१४** | **२७३७३९८** |

| अनियमित भएको | ४,३१,५१४ |
|---|---|

१६ **उपभोक्ता मार्फत निर्माण कार्य -**

१६.१ **उपभोक्ता समिति मार्फत निर्माण कार्य -** पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत् ३४ योजना कार्यान्वयन गरी रु.४,१०,१५,५००/- खर्च गरेकोमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

• उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा समान रकमको रहेको ।

• पालिकाले गराएका निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश गरी निर्माण कार्यको गुणस्तर परीक्षण हुने नगरेको ।

• पालिकाले झोलुङ्गे पुल तथा सडक निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको ।

• उपभोक्ता समिति मार्फत् कार्य गराउने गरी सम्झौता गरेका योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायी मार्फत् काम गराई भुक्तानी हुने गुनासो रहेको

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिई नगद सहभागिता नदिएको ।

• सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता हुने नगरेको ।

• पालिकाले निर्माण व्यवसायीसँग प्रतिप्रधात्मक विधिबाट गराउन सक्ने काम उपभोक्ता समितिबाट गर्दा प्रतिस्पर्धाको लाभबाट पालिका बञ्चित हुन पुगेको ।

त्यसैले अधिक जनसहभागिता जुट्ने तथा निर्माण व्यवसायीबाट गर्न/गराउन नसकिने कार्यहरुमा मात्र उपभोक्ता समिति मार्फत् गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१६.२ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्य गर्दा प्राविधिक विलभन्दा बढी भुक्तानी भएको रु.५5,000/- असुल गर्नुपर्ने रु.

| गो.भौनं./मिति | कार्य | प्राविधिक विल काम | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| १२-२०८०।८।२४ | माझगाउँ कृषियोग्य जमिन घेराबार निर्माण | ५२०००० | ५७५००० | ५५००० |
| **जम्मा** | | 520000 | 575000 | ५5000 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **१,९५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५५,००० |
|---|---|

१६.३ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले संघीय सर्सत हस्तान्तरित पुँजीगत शिर्षक ३०-२०८१।२।२२ मा माथिल्लो दमार खोला पहिरो नियन्त्रणका लागि उपभोक्ता समितिलाई प्राविधिक विल अनुसार रु.१९,७०,४१६/- भुक्तानी हुनुपर्नेमा रु.१९,९०,०००/- भएकोले बढी भुक्तानी रु.१९,५८४/- असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १९,५८४ |
|---|---|

१७ **गाउँपालिका पूँजीगत तर्फ**

१७.१ **बिमा नगराएको** - सार्वजनिक खरिद ऐनको खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको स्टान्डर्ड बिड डकुमेन्टमा समेत खरिद संम्झौताको कम्तिमा ११५ प्रतिशत कभर हुनेगरी बिमा गर्नुपर्ने शर्त रहेको छ । पालिकाबाट खरिद गर्ने निर्माण

कार्य लगायतका लागत अनुमानमा बीमा आइटम समावेश नगर्ने, समावेश गरेको योजनाको पनि बिल समावेश नगरी भुक्तानी मात्र लिने गरेको तथा निर्माण व्यावसायीले विमा गराएको देखिएन। सार्वजनिक खरिदको परिकल्पना एवं निर्माण कार्यको सुनिश्चितता समेतका लागि निर्माण कार्यको संम्झौता बमोजिम बिमा गराउनु पर्दछ ।

१७.२ **सामाग्री खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ । पालिकाले ८१-२०८१।३।२१ दलित आवशिय छात्रावास व्यवस्थापनका लागि सुवाकोटी निर्माण सेवाबाट दाल, सिमि, दाउरा लगायतका ३७ सामाग्री रु.८०११७० खरिद गरी सोझै विद्यालयलाई हस्तान्तरण गरेको छ । पालिकाले खरिद गरेका सामाग्रीहरु जिन्सी दाखिला गरी विद्यालयलाइ हस्तान्तरण गर्नुपर्दछ ।

१७.३ **भेरिएसन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ।पालिकाले निम्नानुसारका निर्माण कार्य गर्दा बिल अफ क्वान्टिटीमा उल्लेख भएको परिमाणमा भन्दा बढी कार्य गर्दा भेरिएसन आदेश प्रमाणित गरी भुक्तानी गर्नुपर्नेमा सो नगरि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| **क्र.स** | **योजना** | **काम** | **बिल अफ क्वान्टिटी** | **अद्यावधिक काम** | **फरक** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | थुमलाग्रा भिउ टावर तथा स्तुपा निर्माण | Providing and laying random rubble masonry in cement morter | ११२.७० | १२५.१७ | १२.४७ | २०२७९.९७ | २५२८९१ |
| २ | गाउँपालिकाको केन्द्र जोड्ने सडक | Excavation in foundation in all types of soils | २५७ | ५३२ | २७५ | ९०० | २४७५०० |
| | | **जम्मा** | | | | | **५००३९१** |

| अनियमित भएको | ५,००,३९१ |
|---|---|

१७.४ **लागत अनुमान फरक पारेको** - सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धमा उल्लेख छ । सोहि नियमको उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसुची १ को ढाँचामा तयार गर्नु पर्ने भन्ने छ । पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत दर विश्लेषण भन्दा फरक दरमा तयार गरेको देखियो ।स्वीकृत दर विश्लेषण भन्दा फरक दरमा लागत अनुमान तयार गरेकोले उक्त लागत अनुमान अनियमित देखिएको रु.

| **योजना** | **कार्य** | **हुनुपर्ने** | **भएको** | **बढी** | **परिमाण** | **बढी रकम** |
|---|---|---|---|---|---|---|
| छाचु चौरीकोट सडक स्तरोन्नति | Packing & filling gabin boxes | ८४१२.२५ | ८५९३.३७ | १८१.१२ | १९०० | ३४४१२८ |
| | Gabin Boxes | ३७०६.०३ | ४११४.९१ | ४०८.८८ | ९५० | ३८८४३६ |
| थुमलाग्रा भिउ टावर तथा स्तुपा निर्माण | Packing & filling gabin boxes | ८४१२.२५ | ८५९३.३७ | १८१.१२ | १६० | ३२७४६ |
| | Gabin Boxes | ३७०६.०३ | ४११४.९१ | ४०८.८८ | ८० | ३२७१० |
| गाउँपालिकाको केन्द्र जोड्ने सडक | Packing & filling gabin boxes | ८४१२.२५ | ८५९३.३७ | १८१.१२ | ३०० | ५४३३६ |
| | Gabin Boxes | ३७०६.०३ | ४११४.९१ | ४०८.८८ | १५० | ६१३३२ |
| **जम्मा** | | | | | | ९१३६८८ |

| | |
|---|---|
| अनियमित भएको | ९,१३,६८८ |

१७.५ **ग्याँस चुलो खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ । पालिकाले ८७-२०८१।३।२१ बाट ५० थान ग्याँस चुलो खरिदमा रु.६,००,०००/- रेम्मी प्रारामर्श सेवालाई भुक्तानी गरेको छ । पालिकाले विपद् व्यवस्थापनका लागि खरिद गरेका सामग्री जिन्सीमा मौज्दात रहेको देखियो ।

१८ **धरौटी फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ मा कसले के बापत धरौटी राखेको हो सो नखुल्ने धरौटी खातामा रहेको रकम तोकिएबमोजिम राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको धरौटीको विवरण अनुसार नामनामेसी एवं प्रयोजन नखुलेको धरौटी रकम रु.३,५१,९१७।– धरौटी खातामा रहेको देखियो । नियमावलीको व्यवस्थानुसार नामनामेसी एवं प्रयोजन नखुल्ने उक्त धरौटी रकम राजस्व दाखिला गर्नुपर्दछ ।

१९ **पेश्की बाँकी**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलव्ध गराएको म्याद नाघेको रु.12,11,237/- पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| **भौ.नं. मिति** | **पेश्की लिनेको विवरण** | **पेश्कीको विवरण** | **म्याद नाघेको** | **म्याद ननाघेको** | **जम्मा** |
|---|---|---|---|---|---|
| ५-२०८१।०१।३० | बालुवाकुना बेली ब्रिज निर्माण उपभोक्ता समिति | उपभोक्ता समिति पेश्की | १०५५२३७ | | १०५५२३७ |
| ७६-२०८०।०९।२३ | योगेन्द्र बम ठकुरी | कर्मचारी पेश्की | १५६००० | | १५६००० |
| जम्मा | | | 1211237 | | 1211237 |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,०३६,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,१५८,७१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,१५२,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १२,११,२३७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जगदुल्ला गाउँपालिका, डोल्पा , जगदुल्ला गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | केसव राज जैसी | २०६७-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहुदुर बुढा | २०७६-९-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५७३,५३७ | १,८४५,५९३ | ० | ० | ० | ४,५५८,९१५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,९७८,०४५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,३८९,६३१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,५८८,४१४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०८९०९१०.८४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २०७९२३२५९ | चालु खर्च | १४३८४०७११.९६ |
| प्रदेश सरकारबाट अनुदान | २२८२००८७ | पूँजीगत खर्च | १००४८५३३६ |
| राजश्व बाँडफाँट | ३८३४९३०४ | वित्तीय/अन्य व्यवस्था | ४७७९२३६३.०२ |
| आन्तरिक आय | १८९२६९७.९ | | |
| अन्य आय | २३५७१४१२.०५ | | |
| कुल आय | २९४५५६७५९.९५ | कुल खर्च | २९२११८४१०.९८ |
| बाँकी मौज्दात | | १३३२९२५९.८१ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।